खिजीदेम्वा गाउँपालिका
खिजीफलाटे,ओखलढुङ्गा

वैठक संख्या २८

मितिः२०८१/४/१२ गते शनिबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष- श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको वैठक वसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गादेवी सुनुवार | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५ | श्री रामकुमारी वस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री रमेश सुनुवार | प्रमुख प्रशासकीय अधिकृत | |
| १९ | श्री यम कुमार आले | आन्तरिक लेखापरीक्षक | |

२०८१ साल श्रावण १२ गते शनिवारका दिन यस खिजीदेम्वा गाउँ कार्यपालिकाको वैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः

१. आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८१ स्वीकृत गर्ने सम्वन्धमा।
२. रोजगार संयोजकको पदपूर्ति प्रक्रिया अगाडि बढाउने सम्वन्धमा।
३. स्थानीय दर रेट निर्धारण एवं स्वीकृत गर्ने सम्वन्धमा।
४. अपर काप्टी खोला साना जलविद्युत आयोजना निर्माण अनुमती प्रदान गर्ने सम्वन्धमा।
५. Arrownet Pvt. Ltd. को म्याद थप गर्ने सम्वन्धमा।
६. हलुका सवारी चालकको विज्ञापन अनुमोदन गर्ने सम्बन्धमा।
७. GESI फोकल पर्सन तोक्ने सम्वन्धमा।

गन्धु शेर्पा
गाउँपालिका अध्यक्ष

रमेश सुनुवार
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरुः

निर्णय नं. १ -

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको खिजीदेम्बा आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ -

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कार्यालयमा रिक्त रहेको प्रधानमन्त्री रोजगार संयोजक पदको पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय गरियो। साथै चालु आ.व.२०८१/०८२ मा नेपाल सरकार र आइ.डि.ए.बाट प्राप्त अनुदान रकमबाट१-९ वटै वडालाई ५,५०,०००।- (अक्षेरेपि पाँच लाख पचास हजार ) का दरले रकम बाँडफाँट गरी प्र.म. रोजगार कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शन वमोजिम हुने गरी कार्य सञ्चालन तथा सम्पादन प्रयोजनार्थ उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३ -

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र भौतिक निर्माण सम्वन्धी प्रयोग गरिने निर्माण सामाग्री तथा सो सम्वद्ध कार्यहरु सम्पादनका लागि गत आ.व. २०८०।०८१ मा कार्यान्वयन गरिए बमोजिम नै हुने तथा आवश्यकतानुसार केहि आइटममा थप संशोधन गरी चालु आ.व. २०८१/०८२ को लागि दर रेट कायम तथा निर्धारण गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ -

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको वडा नं. ८ माग निर्माणोन्मुख अपर काप्टी खोला साना जलविद्युत आयोजनालाई प्रचलित संघीय एवम् प्रादेशिक कानून वमोजिम हुने गरी निर्माण कार्यको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ -

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र इन्टरनेट सेवा विस्तारका लागि क्रमागत रुपमा कार्य सम्पादन गर्दै आइरहेको Arrownet Pvt.Ltd. लाई चालु आ.व. २०८१/०८२ को पुस मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ -

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिकाको लागि Um Hong Ghil Human Foundation बाट सहयोग स्वरुप प्राप्त नगद रकमबाट २(दुई) वटा नयाँ एम्बुलेन्स खरिद गरिए सँगै सो एम्बुलेन्स सञ्चालनका लागि आवश्यक हलुका सवारी चालकको पदपूर्तिका लागि मिति २०८१।०३।३० मा आह्वान गरिएको विज्ञापनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७-

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयको महिला, वालबालिका तथा समाज कल्याण शाखामा कार्यरत कर्मचारी मिना सुनुवारलाई GESI फोकल पर्सन तोक्ने निर्णय गरियो।

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

रमेश सुनुवार
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ साल श्रावण महिनाको १२ गते शनिवारका दिन २८ औं गाउँ कार्यपालिकाको वैठकमा पेश भएका प्रस्तावहरु र निर्णयहरुलाई सर्वसम्मत स्वीकृत गरियो ।

| | | | |
|---|---|---|---|
| आङ ल्वामु शेर्पा<br>सदस्य | पसि शेर्पा<br>सदस्य | रामकुमारी बस्नेत<br>सदस्य | दुर्गादेवी सुनुवार<br>सदस्य |
| कवितादेवी सुनुवार<br>सदस्य | कुमार सुनुवार<br>वडाध्यक्ष | सुरेन्द्र शंकर घिमिरे<br>वडाध्यक्ष | टंकराज सुनुवार<br>वडाध्यक्ष |
| होम वहादुर सुनुवार<br>वडाध्यक्ष | राम कुमार सुनुवार<br>वडाध्यक्ष | पासाङ निमा शेर्पा<br>वडाध्यक्ष | डिल्ली राम बस्नेत<br>वडाध्यक्ष |
| नगेन्द्र बहादुर बस्नेत<br>वडाध्यक्ष | ङवाङ फुरी शेर्पा<br>वडाध्यक्ष | सुशिला तामाङ<br>उपाध्यक्ष | गम्बु शेर्पा<br>अध्यक्ष |